पत्र संख्या:-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।
मितिः २०७४।०४।३०

## प्रेश विज्ञप्ति

अविरल वर्षात्का कारण आएको बाढी, पहिरो र डुबानबाट मुलुकका विभिन्न जिल्लाहरुमा जनधनको क्षति हुनाका साथै ती जिल्लाहरुको जनजीवन प्रभावित हुन पुगेको छ । हालसम्म प्राप्त पछिल्लो विवरण अनुसार विभिन्न जिल्लामा ९१ जनाको मृत्यु, २५ जना घाईते, ३८ जना बेपत्ता भएका छन् भने २८४७ घरहरु पूर्ण क्षति, ३७२७ विभिन्न पूर्वाधार संरचनाहरुमा क्षति भएको छ ।

बाढी, पहिरो र डुवानबाट पीडितहरुको खोज उद्धार गरी राहत वितरण गर्ने कार्यलाई सरकारले तिव्रता दिएको छ । यस कार्यका लागि सुरक्षाकर्मी समेत गरी २६७०० भन्दा बढी जनशक्ति प्रत्यक्ष रुपमा फिल्डमा खटाईएको छ । खोज, उद्धार र राहत वितरणका लागि नेपाली सेनाका ७ वटा र निजी क्षेत्रका ६ वटा हेलिकप्टर सहित मोटर बोट, रवर बोट लगायतका साधनहरु प्रयोग गरिएको छ ।

वितरण भएको राहत विवरण-

१. झापाः- विस्थापित ७०० परिवारहरुका लागि ८५१ थान त्रिपाल, ४७५ थान कम्वल, २६१ सेट भाडाकुडा र ड्राईफुड ।
२. सुनसरीः- चामल-६४५० के.जी, चिउरा-१२०६० के.जी.,भुजा-६७१०, नुन-९१० के.जी., चाउचाउ-२१४५० गोटा, खाने तेल-५० लिटर, विस्कुट- ५० कार्टुन, दालमोठ-६४० पोका, दाल-३२५ के.जी ।
३. ससरीः- त्रिपाल-६७० गोटा, चिउरा- १५ बोरा, भुजिया- ५० बोरा, चामल-१० बोरा, लत्ता कपडा-१४६ थान, विराटनगरबाट ५००० के.जी. ड्राईफुड पठाइएको ।
४. सर्लाहीः- चिउरा-६२८० के.जी, चाउचाउ-३४२ कार्टुन, नुन-४५० के.जी. चिनी- ३०० के.जी, दालमोठ-८ बोरा, प्याज-१५० के.जी, लत्ता कपडा-२०० सेट, त्रिपाल-१८३ थान, साबुन-३० वटा, कम्वल-३० थान, बाल्टीन-३० वटा, मग-३० वटा, अन्य खाद्य सामाग्री ५००० के.जी. पठाईएको ।
५. धनुषाः- त्रिपाल-१५ वटा, चामल-१० क्वीन्टल, चिउरा-१५ क्वीन्टल, मुरै-२ क्वीन्टल, दाल-१ क्वीन्टल, आलु-३ क्वीन्टल, चिनी-२ क्वीन्टल, खाने तेल-१५० ली. ।
६. महोत्तरीः- चिउरा- ११४ के.जी, भुजीया-६२ के.जी, चिनी-२५ के.जी, ३०० जनालाई खाना खुवाईएको ।

नेपाल सरकार
# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

७. बाराः- चाउचाउ- ८५ कार्टुन, चिउरा-१७ सय के.जी, दालमोठ-१४० के.जी, लिटो- ९३ के.जी, पानी-६०० बोटल, विस्कुट- ६०० प्याकेट, चामल- ७२० के.जी, दाल-७२ के.जी, आलु- ३६० के.जी, तेल- ७२ लि., नून- ७२ प्याकेट, वाल्टीन- ८४ वटा ।

८. रौतहटः- काठमाण्डौबाट २०५० के.जी. ड्राईफुड, हेटौडाबाट ७५८० के.जी. ड्राईफुड र ८० थान सेल्टर त्रिपाल हेलिकप्टर मार्फत पठाईएको ।

९. दाङः- चिउरा-५४५ के.जी, दालमोठ- ४५ के.जी, चामल-२६ क्वीन्टल, दाल-१३५ के.जी, विस्कुट -४५ कार्टुन, चाउचाउ- ९० कार्टुन, तेल-१२५ लि., नुन-१३५ के.जी, आलु-१५० के.जी, सोयाविन- १२५ के.जी, त्रीपाल- ५३ थान, साडी-२० थान, पानी-७० कार्टुन, वाल्टीन- ४५ वटा, जग-४५ वटा, जर्कीन- ४५ वटा ।

१०. बाँकेः- चिउरा- ८८०० के.जी, चाउचाउ- १५००० प्याकेट, विस्कुट- १८७२० प्याकेट, पानी-३३२० बोटल, चिनी-५२५ के.जी, जिवनजल-२१६०, सिटामोल-२००० ट्याबलेट, त्रिपाल-१० थान, ।

११. बर्दियाः- १५०० के.जी ड्राईफुड, बाँकेबाट १० क्वीन्टल खाद्य सामग्री पठाइएको ।

१२. कैलालीः- त्रिपाल-१६२ थान, कम्वल- ५० थान, म्याट्रेस-१०० थान, कार्पेट- रोल, चिउरा- ५१५ प्याकेट, चिनी-३० के.जी, चाउचाउ- १४६ के.जी, विस्कुट- ५९ पेटी, नमकिन-४० के.जी, भुजा-९ बोरा, पानी- ९५ पेटी, हाईजीन किट- १०० थान ।

यसै बीच आजै सम्माननीय प्रधानमन्त्री शेर बहादुर देउवाज्यू, मा.उप-प्रधान एवं संघीय मामिला तथा स्थानीय विकास मन्त्री विजय कुमार गच्छदारज्यू, मा. गृहमन्त्री जनार्दन शर्माज्यूले बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरी, मोरङ, सुनसरी र झापा जिल्लाका बाढी, पहिरो र डुवानबाट प्रभावित क्षेत्रहरुको स्थलगत निरीक्षण गरी स्थानीय प्रशासनलाई राहत वितरणमा कुनै कसर बाँकी नराख्न निर्देशन दिनु भएको छ । यसैगरी विभागीय मन्त्रीज्यूहरु, सांसदज्यूहरुबाट बाढी प्रभावित क्षेत्रको निरीक्षण गर्ने कार्य भएको छ ।

(राम कृष्ण सुवेदी)
प्रवक्ता